# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू आफ्नो सुविधा अनुसार ईमेलमा एटेच गरी वा हुलाको माध्यमद्वारा हाम्रो ठेगानामा प्रेशित गर्नसक्नु हुनेछ ।

# पहिलो भाग (पाठ १-४)

# पाठ १

## सूचना:

यस पाँचौं शिक्षाक्रमको अध्ययन तपाईंले प्रत्येक पाठका उत्तरहरू नयाँ नियम बाइबलको विभिन्न पुस्तकहरूका खण्डमा पाउनुहुनेछ । यस पाठ्यक्रम अध्ययनको लागि पाठसँग सम्बन्धित बाइबलका विभिन्न अध्याय र पदहरूका सानो पुस्तिका- "प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?" पद सन्दर्भ पुस्तकमा हेर्नुहोला । यो पुस्तिका हाम्रो वेबसाइडबाट डाउन लोड गर्न सक्नुहुनेछ ।

प्रभु येशूले मानिसहरूको जीवन कसरी बदली गर्नुहुन्छ भन्ने विषयमा हामीले यस नयाँ नियमको पुस्तकबाट अध्ययन गर्नेछौं । जब प्रभु येशू यस संसारमा हुनुहुन्थ्यो, तब उहाँले धेरै मानिसहरूलाई तिनीहरूका दुःखबाट छुटकारा दिनुहुन्थ्यो । जुन अचम्मको काम प्रभु येशूले आज पनि तपाईंको निम्ति गर्न चाहनुहुन्छ, यस कामको एक आत्मिक चित्र उहाँले गर्नुभएका यी शक्तिशाली कामहरू हुन् । उहाँले तपाईंलाई पापबाट छुटकारा दिनुहन्छ । उहाँले तपाई)को जीवन परिवर्तन गर्न सक्नुहुन्छ । उशाँले तपाईंलाई एउटा नयाँ मानिस तुल्याउनुहुनेछ ।

## क - एउटा भूतग्रस्त भएको मानिस लूका ८:२६-३९

यी पदहरूमा हामी यस्तो एउटा मानिसको विषयमा पढ्छौं, जो बिलकुलै दुष्ट आत्माहरूको वशमा थियो । तर प्रभु येशूले त्यस मानिसको मन शान्त र साम्य तुल्याउनुभयो । त्यस मानिसले गरेझैं हामी मूर्ख कामहरू गर्ने होइनौं । तर हामी कुकर्मको वशमा हुन सकछौं । हामीले वशमा ल्याउन नसक्ने हाम्रो रिस होला । हामीमा वशमा पार्न नसकिने रक्सी पिउने प्रबल इच्छा र नराम्रो बानी होला । कसैलाई वशमा नआउने घमण्ड, लोभ र इर्ष्या छ होला । प्रभु येशूले यस प्रकारका खराब बानी र अभिलाषाहरूबाट छुटकारा दिन सक्नुहुन्छ ।

१) त्यस दुष्ट आत्मा लागेको मानिसको विषयमा कुन-कुन कुरा हामीलाई बताएको छ ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

क)
ख)
ग)

२) शरीरमा बिरामी भएझैं मानिसहरू आत्मामा पनि बिरामी हुन्छन् । भूतग्रस्त भएको कारणले मात्र मानिस पागल हुँदैन । तर हामीले अध्ययन गर्ने खण्डमा यस्तो अवस्थामा परेको मानिसको बारेमा पढ्छौं । कति मानिसरू दुष्ट आत्माहरू छन् कि छैनन् भन्ने कुरामा दोधारमा छन् । कतिले चाहिँ दुष्ट आतमाहरू छँदैछैनन् भन्ने विश्वास लिएर बसेका छन् । तर परमेश्वरको वचनको प्रकाश र शिक्षा एकदम स्पष्ट छ : दुष्ट आत्माहरू हुन्छन् नै । झिँगाहरू जहाँ फोहोर छ, त्यहीं नै बस्छन् भने दुष्ट आत्माहरूचाहिँ पाप गर्ने ठाँउमा घुमफिर गर्छन् र मन बिटुल्ने अशुद्ध मानिसहरूलाई आफ्नो वशमा पार्न खोाज्छन् ।अन्तमा ती दुष्ट आत्माहरू यस्तो मानिसभित्र वास गर्छन्, जसरी हाम्रो यस पाठको खण्डमा दिइएको साँचो घटनाले देखाउँछ । ती आत्माहरू अशुद्ध र दुष्ट भनिएका छन् । यसैले दुष्ट आत्माहरूसँग कुनैपनि सम्बन्घ राख्नु हुँदैन र भूत खेलाउनु हुँदैन भनेर कड़ा आज्ञा दिईकन परमेश्वरले हामीलाई शक्त मनाही गर्नुभएको छ । यस आज्ञामा ध्यान नदिने

# प्रभु येशू खीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

मानिसले आफैमाथि ज्यादै दुःख ल्याउँदछ र आफ्नै शक्तिले दुष्ट आत्माको पञ्जाबाट कहिल्यै छुटकारा पाउन सक्दैन । यस्तो मानिसको अन्त्य डरलाग्दो छ ।

क) त्यस मानिसले उच्च सोरले के भन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभे येशूले त्यस दुष्ट आत्मालाई के गर्ने आज्ञा दिनुभएको थियो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) दुष्ट आत्माले त्यस मानिसलाई के गरेको थियो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) त्यसले किन आफ्नो फौज हो भनी भन्यो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) एकदिन प्रभु येशूले दुष्ट आत्माहरूको मालिक शैतान र त्यसका सबै दललाई सदाको निम्ति अति दुःख र कष्ट पर्ने ठाउँमा फ्याँकिदिनुहुनेछ । यदि हामी शैतानको पछि लागेका छौं भने हामीलाई पनि त्यहि नरकको ननिभ्ने आगोको दण्ड मिल्नेछ ।

क) ती दुष्ट आत्माहरूले येशूलाई के विन्ती गरे ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशैले ती दुष्ट आत्माहरूलाई के गर्ने अनुमति दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) त्यसपछि के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) त्यस मानिसमा प्रभु येशूको महान् शक्तिको प्रदर्शन भयो । दुष्ट आत्माहरूले तुरून्तै उहाँको आज्ञा मान्नैपर्छ । ती दुष्ट आत्माहरू येशू् उहाँको नामदेखि डराउँछन् । जब प्रभे येशूले कुनै मानिसलाई दुष्टको वशदेखि छुटकारा दिनुहुन्छ, तब त्यहि कुरा उहाले हामीलाई हरेक पापको बन्धनबाट बचाउन सक्नुहुन्छ भन्ने गवाही हुन्छ ।

क) सुङ्गुर चराउनेहरूले यो घटना देखर के गरे ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) त्यस दुष्ट आत्मा लागेको मानिसका कुन-कुन कुरा बदली भए ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)
आ)
ई)

५) सुङ्गुरहरू नष्ट भएका देखेर ती मानिसहरूले आफ्नो ठूलो हानी र तिनीहरूमाथि ईशवरको दण्ड आइपरेको सम्झे । यस घटनाद्वारा तिनीहरूका आँखाहरू खोलेनन् । तिनीहरू अझै अन्धकारमा रहे; यसैले तिनीहरूले येशू खीष्ट र उहाँको आत्मिक आशिष ग्रहण गर्न चाहेनन् : किनि तिनीहरूले केवल संसारिक थोकमाथि आफ्ना मन लगाएका थिए ।

क) प्रभु येशूले त्यस मानिसलाई के गर्नू भनी भन्नुभयो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) त्यसले सारा शहरभरि के कुरा प्रचार गर्न थाल्यो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ख - एउटी बिरामी स्त्री

अब हामी एउटी स्त्रीको बारेमा पढ्छौं, जसलाई एउटा यस्तो रोग लागेको थियो, जसले गर्दा त्यसको सार बल नै क्षण भएको थियो । त्यसबेलाको विचारअनुसार त यस रोगले गर्दा त्यो स्त्री अशुद्ध थिई । त्यसलाई पानी बाहिर गरेको थियो । कसैलाई कुनैपनि रोगले सतायो भने हामी त्यसलाइ अशुद्ध ठान्नुहुँदैन । त्यस स्त्रीको कष्ट हाम्रो निम्ति एउटा गुप्त पापको चित्र हो, जसले गदाए हामी आत्मिक रूपले अति कमजोर भएकाछौं र जसको बारेमा कसैलाई भन्न हामीलाई ड र शर्म लाग्छ ।

१) यस बिरमी स्त्रीको घटनाको बयान अर्को घटनाको बीचमा आएको छ । हामीले अध्ययन गर्न लागेको खण्डमा हामी याइरसको शोकित परिवारसित पहिले परिचित हुन्छौं ।

क) याइरस को थिए ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

(सभाघर भनेको यहुदी-समाजमा प्रार्थना गर्न परमेश्वरको वचन सुन्नको निम्ति भेला हुने घर बुझिन्छ)

ख) तीनले किन प्रभु येशूलाई आफ्नो घरमा आउन विन्ति गरे ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) यस स्त्रीको रोग कुनै मानिसले निको पार्न सकेन । ठीक त्यस्तै प्रकार मानिसहरूले पापको रोग पनि निको पार्न सक्दै सक्दैनन् ।

क) कति वर्षअघिदेखि त्यस स्त्रीलाई यो रोग लागेको थियो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) आफ्नो सार जीविका वैद्यहरूको निम्ति खर्च गरे तापनि त्यस स्त्रीको अवस्था कस्तो थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) धेरै समयदेखि त्यस स्त्रीलाई यो निको नहुने रोग लागेको थियो । उनले प्रभु येशू र उहाँको शक्तिको बारेमा सुनेकी थिई । यसैले प्रभु येशूद्वारा यस रोगबाट छुटकारा पाउने आशा उनको मनमा जाग्यो । प्रभु येशूले मलाई निको पार्न सक्नुहुन्छ भन्ने विश्वास लिएर त्यो प्रभु येशूकहाँ आई । किनभने मानिसहरूलाई असम्भव हुने कुरा प्रभु येशूले गर्न सक्नुहुन्छ ।

क) त्यस स्त्रीले के गरी ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब के भयो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) त्यस स्त्रीका निम्ति अब लाजको कुरा केही रहेन । अब उनलाई समाजदेखि डर पनि भएन । प्रभु येशूले उनलाई निको पार्नुभयो । प्रभु येशूमाथि रोखेको विश्वासले गर्दा त्यो स्त्री परमेश्वरको ठूलो कृपाको उक सत्य साक्षी बनी; किनभने प्रभु येशूले त्यसलाई जे गर्नुभएको थियो, त्यसले खुल्लमखुल्ला गवाही दिई ।

क) प्रभु येशूले के प्रश्न सोध्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) यस प्रश्नमा किन पत्रुस छक्क परे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) कसैले मलाई छोएको छ भनी प्रभुले कसरी थाहा पाउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) म लुक्न सक्दिनँ भनी त्यस स्त्रीले थाहा पाउँदा त्यसले के गरी ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ङ) अन्तमा प्रभु येशूले त्यस स्त्रीलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ग - एउटा शोकित परिवार

प्रभु येशूले एउटा दुष्ट आत्मा लागेको मानिसलाई कसरी शैतानको शक्तिदेखि छुटकारा दिनुभयो, साथै एउटी बिरामी स्त्रीलाई त्यसको निको नहुने रोगबाट कसरी निको पार्नुभयो भन्ने कुरा थाहा पाईसक्यौं । अब उहाँले एउटी ठिटीलाई मरेको अवस्थादेखि जीवित पार्नुभएको कुरा हामीले हेर्नेछौं । यस ठिटीको मृत्युले हाम्रो पापी हृदयको अवस्था सङ्केत गर्छ । पापले गर्दा हामी परमेश्वरबाट अलग भएका छौं । आत्मिक हिसाबले हामी मरेका छौं । हामीले न सत्य परमेश्वरलाई चिनेका छौं नता उहाँको इच्छाअनुसार चलेका छौं । हामी कहाँ जान लागेका छौं, सो पनि हामीलाई थाहै छैन । यस्तो अस्थामा प्रभु येशूले मात्र हामीलाई पापबाट छुटकारा दिन र हामीलाई एउटा नयाँ जीवन दिन सक्नुहुन्छ ।

१) बाटोमा प्रभु येशू आउनुहुँदा ढिलो गर्नुभएकोमा याइरस सायद आत्तिएका थिए । तैपनि प्रभु येशूसित निको पार्ने शक्ति छ र उहाँले मेरी छोरीलाई बचाउन सक्नुहुन्छ भन्ने आशा लिई तिनले प्रभुलाई छोडेनन् । तर तिनको निम्ति अझै तिनको विश्वासको ठूलो जाँचले पर्खिरहेको थियो ।

क) याइरसको घरबाट के समाचार आयो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले तिनलाई के भनेर साहस दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) दुइ प्रकारका मृत्यु छन् : शारीरिक मृत्यु र आत्मिक मृत्यु । आत्मिक मृत्यु भनेको पापले गर्दा हाम्रो आत्मा परमेश्वरदेखि अलग पारिएको हो । प्रभु येशूले हामीाई पापबाट बचाउन सक्नुहुन्छ र हामीलार्य आत्मिक मृत्युदेखि छुटकारा दिन सक्नुहुन्छ । उहाँबाट पापको छुटकारा र अनन्त जीवन पाएपछि हामीले शारीरिक मृत्युदेखि डरानुपर्ने छैन ।

क) कस-कसले प्रभु येशूसित घरभित्र पस्ने अनुमति पाए ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूल रूनेहरूलाई के भनेर हप्काउनुभयो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तब तिनीहरूले उहाँलाई के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) प्रभु येशूले त्यस मरेको ठिटीलाई के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ङ) त्यसपछि त्यस ठिटीले के गरी ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

३) प्रभु येशूले आफ्नो प्रख्यात हुन वा लोकप्रिय गनिनको निम्ति यो काम गर्नुभएन । तर हामी मानिसहरूप्रति परमेश्वरको प्रेम कति ठूलो छ भन्ने कुरा देखाउनको निम्ति उहाँले यसो गर्नुभएको हो । यो अचम्मको काम देखेर मानिसहरूको कठोर मनमा प्रभुप्रति विश्वास दिलाउनको निम्ति उहाँले यो काम गर्नुभएको थियो ।

क) त्यस ठिटीको विषयमा प्रभु येशूले के गर्ने आज्ञा गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले त्यस ठिटीका बाबुआमालाई के भनेर कड़ा आज्ञा गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## मुख्य विचार :

प्रभु येशूले दुष्ट आत्मा लागेको मानिसलाई ती दुष्ट आत्माहरूबाट छुटकारा दिनुभयो । त्यस काममा उहाँले आफ्नो ठूलो शक्ति प्रकट गर्नुभयो । उहाले त्यस बिरामी स्त्रीलाई त्यसको रोगबाट निको पानुएभयो र याइरसकी छोरीलाई मरेको अवस्थादेखि फेरि जीवित पार्नुभयो । यी घटनाहरूको सत्य बयानले प्रभु येशू सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ भन्ने कुरा हामीलाई स्पष्ट देखाउछन् । उहाँले अरू मानिसहरूको निम्ति यति ठूलो दयाको काम गर्नुभएको छ भने के उहाले तपाईंलाई खाँचोमा परेको बेलामा सहायता गर्नसक्नुहुन्न र ? प्रभु येशूले उहाँमाथि विश्वास राख्नेहरूलाई अवश्य सहायता गर्नुहुन्छ ।

तपाईंको आत्मिक खाँचो के छ ? प्रभु येशूले तपाईंलाई कुन कुरामा सहायता गर्नुभएको तपाईंले चाहनुहुन्छ ? छोटकरीमा लेख्नुहोस् ।

# पाठ २

## गरिब र धनी मानिस :

एउटा धनी मानिसलाई पापदेखि छुटकारा पाउन कति गाह्रो छ । यो कुरा प्रभु येशूले आफ्ना चेलाहरूलाई बताउँदै उनीहरूलाई छक्क पार्नुभयो । गरिबहरूलाई छुटकारा पाउन झन गाह्रो होला भनेर उनीहरूले सम्झे होलान् । प्रभु येशैले भन्नुभयो : मानिसहरूलाई असम्भव हुने कुराहरू परमेश्वरलाई सम्भव छ । चाहे धनी होस् चाहे गरिब प्रभु येशूले उहाँमाथि विश्वास गर्नु सबै किसिमका मानिसहरूलाई पापबाट छुटकारा दिनुहुन्छ भन्ने कुरामा हामी यस पाठको अध्ययनबाट थाहा पाउँछौं ।

## क - एउटा जवान धनी शासक लूका १८:१८-३०

प्रभुका चेलाहरूले उहाँलार्य यस्तो प्रश्न गरे : “तब कसको उद्धार हुनसक्छ त ?” चेलाहरूले यो प्रश्न किन सोधे र प्रभु येशूले जवाफमा के भन्नुभयो, त्यो कुरा अब हामी हेर्छौं ।

१) एकदिन एकजना जवान शासक प्रभु येशूकहाँ आए । ती जवान मानिस साह्रै सौभाग्यशाली थिए । समाजमा तिनको उच्च स्तर थियो । तिनी धनी पनि थिए । तिनको नाम चारैतिर चलेको थियो । यी सबै कुरा भए पनि तिनी असन्तुष्ट थिए ।

तीनले प्रभुलाई के प्रश्न सोधे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) प्रभु येशूले ती मानिसमा विश्वास देख्न चाहनुहुन्थ्यो, तिनको जीवनबाट परमेश्वरको महिमा भएको देख्ने इच्छा गर्नुहुन्थ्यो । तिनले प्रभुको आज्ञा पालन गर्न चाहेनन्; तब तिनले प्रभु येशूलाई उत्तमम गुरू भनी सम्बोधन गरेको के मतलब भयो ?

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

केवल एकजना उत्तम हुनुहुन्छ । त्यो एकजना को हुनुहुन्छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) ऐनामा आफ्नो अनुहार देखेझैं हामी आफै कत्ति ठूला पापी छौं भन्ने कुरा जान्नको निम्ति परमेश्वरले आफ्ना मानिसहरूलाई आफ्नो धार्मिक व्यवस्था दिनुभएको छ । किनभने हामीलाई आफूले गरेका पापको दण्ड, साथै पापको वशमा ल्याउने शक्तिदेखि छुटकारा पाउन आवश्यक छ । यही हाम्रो आवश्यकता जान्नु नै मुक्ति पाउने पहिलो कदम हो । त्यसपछि दोस्रो कदम परमेश्वरलाई विश्वाससाथ पुकार्नु र आफ्ना पाप मानिलिनु हो । सारा संसारमा मुक्ति दिने कुने धर्म-नियम पाइँदैन । नत्रता प्मेश्वरले आफ्नो एकमात्र पुत्र येशूलायृ किन यस संसारमा पठाउनुपर्‍यो त ? तब प्रभु येशू सारा संसारका मानिसहरूका पापहरू बोकेर क्रूसमा किन बलि भइ मर्नुपर्‍यो ? तर धेरैले यसो विचार गर्छन् : परमेश्वरको व्यवस्थाका सबै नियमहरू पालन गरेर धर्मी बनिन्छ । तर परमेश्वरका आज्ञा पालन गर्नुमा खूब प्रयत्न गर्ने मानिसले आफ्नो पापी अवस्था र स्वभाव झन थाहा पाउनुपर्थ्यो । हामी आफ्नो आवश्यकता किन बुझ्दैनौं । किनभने हामी कुनै पापलाई माया गर्छौं । पापप्रतिको मायाले हामीलाई परमेश्वरको अपार प्रेम देख्न अन्धा तुल्याएको छ । परमेश्वरबाट पाइने मुक्तिभन्दा प्रभु येशूको निम्ति त्याग्नुपर्ने कुरा ठूलो सम्झन्छौं । एकदिन परमेश्वरको सामु हाम्रो मनका सबै गुप्त कुराहरू प्रकट हुनेछन् ।

क) प्रभु येशूले ती जवानलाई व्यवस्थाका कुन-कुन आज्ञा बताउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)
आ)
इ)
ई)
उ)

ख) तब ती जवान मानिसले प्रभुलाई के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) यो सुनेर प्रभु येशूले तिनलाई तिनको खास समस्या प्रकट गर्न चाहनुभयो । ती मानिसको हृदयमा परमेश्वरलाई भन्दा आफ्नो संसारिक धन-सम्पत्तिप्रति बढ़ि माया थियो । प्रभु येशूले सबै मानिसहरूलाई आफ्नो धन -सम्पत्ति त्याग्ने आज्ञा दिनुभएन, तर हामीले धन-सम्पत्तिमाथि आफ्नो मन लगाउनुहुँदैन भनी सिकाउनुभयो । हामीले पाएको धन-सम्पत्ति परमेश्वरको इच्छाअनुसार ठीक किसिमले प्रयोग गर्नुपर्छ । ती जवान मानिसको निम्ति यो एउटा गम्भीर जाँच थियो । तिनले अनन्त जीवन र संसारको धन-सम्पत्तिको बीचमा रोज्नुपरेको थियो ।

क) प्रभुले ती जवान मानिसलाई कुन-कुन दुइटा काम गर्ने आज्ञा दिनुभयो ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)

ख) यो सुनेर ती जवान मानिसलाई के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तिनलाई किन यस्तो लागेको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) प्रभु येशूले एउटा अचम्मको कुरा भन्नको निम्ति यहाँ मौका लिनुभयो । धनी मानिसहरूको निम्ति परमेश्वरको निगाह प्राप्त गर्नु सजिलो छ भन्ने कुरा धेरै मानिसहरूले सम्झन्छन् । उनीहरूले धेरै दान दिन सक्छन् । उनीहरूसँग तीर्थ-यात्रा गर्नु प्रशस्त पैसा छ ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

क) धनी मानिसहरूको बारेमा प्रभु येशूले के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) धनी मानिसहरूलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा कुन कुरा सजिलो छ ? यस सम्बन्धमा प्रभु येशूले के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) चाहे धनी होस्, चाहे गरिब, हामीले आफ्नो कोशिशले पापबाट मुक्ति पाउन सकदैनौं । जीवनको निर्वाह गर्न आवश्यक पर्ने कुराहरूलाई बढ़ि ध्यान दिने परीक्षाबाट उम्कन मानिसजातिको लागि असम्भव छ ।

क) यो कुरा सुन्नेहरू छक्क परेर उनीहरूमा के प्रश्न उठ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले उनीहरूलाई के जवाफ दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

७) प्रभु येशूको खातिर सबै मानिसहरूले एक किसिमको त्याग गर्नुपर्छ भन्ने कुरा उहाँले सिकाउनुभएको छैन । मुख्य कुरा यही हो : हाम्रो भक्तिचाहिँ हामीले प्रभु येशूलाई नै दिनुपर्छ ।
क) पत्रुसले प्रभु येशूलाई के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभुको निम्ति सबैकुरा त्याग्नेहरूलाई प्रभु येशूले कुन प्रतिज्ञा गर्नुहुन्छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

८) ती धनी शासकले आफ्नो धन -सम्पत्ति त्यागेर प्रभु येशूलाई पछ्याउन चाहेनन् । यदि हामी प्रभु येशूलाई पछ्याउन चाहन्छौं भने हामीले उहाँको निम्ति आफ्नो सबै थोक त्याग्न तयार हुनुपर्छ; किनभने हामीलाइ पापबाट मुक्ति र अनन्त जीवन दिने प्रभुले हाम्रो निम्ति स्वर्गका सबै महिमा त्याग्नुभयो र हाम्रो निम्ति क्रूसको मृत्यु सहनुभयो ।
तलको प्रश्नको जवाफ दिनको निम्ति लूका ८ :३१-३४ पद हेर्नुहोला ।

पवित्र शास्त्रका कुन सातवटा कुरा प्रभु येशूले आफ्नो विषयमा पूरा हुनेछन् भनी भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)
इ)
ई)
उ)
ऊ)
ए)

## ख - एउटा गरिब, अन्धा भिखारीको मुक्ति लूका १८:३५-४३

आफ्नो प्रयत्नद्वारा कुनै धनी मानिस पापबाट मुक्ति पाउन सक्दैन भने के गरिब मानिसले आफ्नो पापबाट छुटकारा पाउन सक्छ त ? यस सम्बन्धमा प्रभु येशूले के सिकाउनुभयो ? परमेश्वरको शक्ति र कृपाद्वारा एउटा मानिसलु कसरी मुक्ति पायो, यसको उदाहरण हामीले यहाँ अध्ययन गर्नेछौं ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

१) प्रभु येशू यरूशलेमको बाटोमा गइरहनुभएको थियो । इस्राएलको राजधानी यरूशलेममै उहाँले दुःख भोग्नु र दुष्ट मानिसहरूको हातद्वारा मारिनुपर्नेछ । भन्ने कुरा उहाँले जान्नुभएको थियो । त्यस बेला उहाँसित एउटा ठूलो भीड़ पनि माथि यरूशलेममा निस्तार-चाड़ मनाउनको निम्ति गइरहेको थियो । यरिहो यरूशलेमदेखि लगभग बीस माइल टाढ़ो छ ।

क) बाटो छेउमा को बसिरहेको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) त्यसले के गरिरहेको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) त्यसले कुन कुरा सुन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) त्यो अन्धा भिख माग्नेले येशूलाई 'दाऊदको पुत्र' भनी पुकारेको कारण के थियो भने परमेश्वरले प्रतिज्ञा गर्नुभएको राजा उहाँ नै हुनुहुन्छ भन्ने कुरा त्यसले विश्वास गरेको थियो ।

क) को जाँदै हुनुहुन्छ भनी मानिसहरूले त्यसलाई भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) त्यस माग्नेले के भनेर करायो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) मुक्ति पाउन चाहनेहरूले आफ्नो सम्पूर्ण हृदयले त्यसको लालसा गर्नुपर्छ । अरू मानिसहरूले के भन्छन् अथवा के विचार गर्छन् होला भन्ने कुरातिर हामीले ध्यान दिनुहुँदैन, नत्रभने हामीले विश्वास गर्न सक्दैनौं । प्रभु येशू यरूशलेमतिर यात्रा गरेर आफ्नो लक्ष्यमा पुग्न लाग्नुभए तापनि उहाँसित यस गरिब माग्नेलाई वास्ता गर्ने समय थियो । हामीले उहाँको नाम पुकार गऱ्यौं भने उहाँले हाम्रो विन्ति अवश्य सुन्नुहुनेछ ।

क) मानिसहरूले चुप लाग् भनेर यस माग्नेलाई हप्काउँदा त्यसले के गऱ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब प्रभु येशूले ती मानिसहरूलाई के गर्ने आज्ञा दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) अन्धा भएर अन्धकारमा जिउनुपरेको अवस्थामा हामी छैनौं होला । तर हाम्रा आत्मिक आँखाहरू अन्धा हुन सक्छन् । शारीरिक अन्धोपनभन्दा त आत्मिक अन्धोपन झन् दयनीय हुन्छ । यदि हामीले हृदयदेखि प्रभु येशूलाई पुकार गऱ्यौं भने उहाँले हामीलाई आत्मिक अन्धकारबाट छुटकारा दिनुहुनेछ ।

क) प्रभु येशूले त्यस मानिसलाई के प्रश्न सोध्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब त्यसले के जवाफ दियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) यो अचम्मको काम एकैक्षणमा भएको थियो । प्रभु येशूले वचन बोल्नुभयो र यो भइहाल्यो । प्रभु येशूमा साँचो गरी विश्वास गरेको घड़ीमै उहाँले हामीलाई अन्धकारबाट आफ्नो ज्योतिपूर्ण राज्यभित्र सारिहाल्नुहुन्छ ।

क) त्यस माग्नेको विन्ति सुनेपछि प्रभु येशूले जवाफमा के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) उहाँले त्यस अन्धालाई किन निको पार्नुभयो ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् वा चिन्ह लगाउनुहोस् ।)
अ) किनभने त्यस माग्नेले धेरै असल कामहरू गरेको थियो वा
आ) किनभने त्यस माग्नेले प्रभु येशूमाथि विश्वास रोखेको थियो

ग) त्यस माग्नेले कहिले दृष्टि पायो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) प्रभु येशूमाथि राखेको विश्वासले गर्दा त्यो अन्धा मानिस शरीरको रोगबाट निको भयो । त्यतिमात्र होइन आत्मिक रीतिले त्यसको मनका आँखाहरूले पनि दृष्टि पाए ।
निको भएपछि त्यस माग्नेले के -के गऱ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

क)
ख)

## ग - जक्कै नाम गरेको धनी मानिसको मुक्ति        लूका १९:१-१०

प्रभु येशूले एउटा गरिब अन्धालाई कसरी बचाउनुभयो, सो हामीले अध्ययन गरी थाहा पाउन सक्यो । अब उहाँले एउटा धनी मानिसलाई बचाउनु भएको घटनातिर ध्यान दिऔं ।
१) यहुदीहरूले महसुल उठाउने मानिसहरूलाई घृणा गर्थे । किनकि तिनीहरूले आफ्नो देश कब्जा गर्ने बाहिरी रोमी सरकारको निम्ति कर उठाउने काम गरेको थिए । यस काममा उठाउनुपर्ने करभन्दा ज्यादा लिने बानी भएका हुनाले महसुल उठाउनेहरूको नाम राम्रो चलेको थिएन ।
पद २ मा हामी जक्कैको बारेमा के पढ्छौं ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
क)
ख)

२) प्रभु येशूले गर्नुभएका अचम्मका कामहरूको विषयमा जक्कैले कतैबाट सुनेको थियो । प्रभु येशूले सबै मासनुहरूलाई माया गर्नुहुन्छ र अरू मानिसहरूबाट तुच्छ ठानिएकाहरूलाई पनि ग्रहण गरेर दया देखाउनुहुन्छ भन्ने कुरामा ऊ छक्क परेको थियो ।

क) जक्केले के गर्न चाहन्थ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) यसो गर्न उनलाइ किन गाह्रो परेको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) यसैले उसले कुन अनौठो काम गऱ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) धनको लोभमा फसेको यस मानिसको चाहना प्रभु येशूले थाहा पाउनुभएको थियो । प्रभु येशूको वरिपरि घचाघच गरेको भीड भए पनि प्रभु येशूको ध्यान त्यस मानिसतिर आकर्षित थियो । यदि हामीले मुक्तिदाताको खोजी गर्दछौं भने उहाँले हामीलाई अघि नै खोज्नुभएको छ भन्ने कुरा याद गर्नु हामीलाइ उचित छ ।
क) जक्कै भएको ठाउँमा आइपुग्दा प्रभु येशूले के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब प्रभु येशूले जक्कैलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

४) प्रभु येशूले तपाईंलाई अहिले नै बोलाउँदै हुनुहुन्छ भने उहाँलाई इन्कार नगर्नुहोस् । जक्कैलाईजस्तै हामीलाई पनि परमेश्वरले आफ्नो पूर्वज्ञानअनुसार प्रभु येशूमा मुक्ति पाउने विशेष समय ठहराउनुभएको छ । जब जक्कैको निम्ति प्रभु येशूलाई स्वागत गर्ने मौक आयो, तब उसले उहाँलाई ग्रहण गर्ने वा नगर्ने निर्णय गर्नुपर्‍यो ।

जक्कैले के गर्‍यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) अरू मानिसहरूले हामीलाई घृणा गरेपनि प्रभु येशूले हामीलाई घृणा गर्नुहुन्न । पापीहरूलायृ खोज्न र मुक्ति दिनको निम्ति उहाँ यस संसारमा आउनुभएको हो । महसुल उठाउनेजस्तो घृणित र तुच्छ मानिसको घरभित्र पस्नु नै त्यस समयमा यहूदी - धर्मका नेताहरूले प्रभुलाई नसुहाउने काम सम्फे ।

प्रभु येशूलाई त्यस मानिसको घरमा पस्नुभएको देखेर मानिसहरूले के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) जब हामीले प्रभु येशूलाई साँचोगरी हाम्रो हृदयमा ग्रहण गर्छौं, तब हाम्रो जीवनभित्रदेखि बदली हुनेछ । पहिले जक्कैले रूपैया-पैसाको लोग गर्थ्यो । त्यसो गर्दा ऊ निर्दयी र छली थियो । तर प्रभुलाई पाएपछि उसले पछुतायो । ऊ इमान्दार र दयालु बन्यो ।

प्रभुको सामु उसले कुन दुईटा निर्णय गर्‍यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

क)

ख)

७) अब्राहाम यहूदीहरूको मूल-पिता थिए । परमेश्वरले तिनलाई आशिष दिनुभयो; किनकि तिनले सधैं परमेश्वरमाथि विश्वास राख्थे । मानिसहरूले जक्कैलाई आफ्नो समाजबाट निकालिएको मानिसलाई गरेजस्तै व्यवहार गरे । तर प्रभु येशूले उसलाई ग्रहण्ण गर्नुभयो र उसलाई "तिमी अब्राहामको एक साँचो छोरा हौ" भनी भन्नुभयो । जक्कैलाई यसो भन्नुको खास अर्थ के थियो भने उसले अब्रमहामले गरेभैं प्रभु येशूमाथि विश्वास राखेको थियो । शारीरिक वंश, परम्परा वा धार्मिक कार्यहरूमाथि मुक्ति निर्भर रहँदैन । हामीले प्रभु येशूमाथि विश्वास गरेका छौं कि छैनौं, मुक्ति पाउनु यस कुामा भर पर्छ ।

क) त्यसदिन जक्कैको घर-परिवारले के पाए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनीहरूले मुक्ति पाएको कारण के थियो ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् वा चिन्ह लगाउनुहोस् ।)

अ) किनभने तिनीहरूले धर्मका धेरै रीतिहरू मानिरहका थिए वा

आ) किनभने तिनीहरूले प्रभु येशूमाथि विश्वास गरेका थिए

८) पापी मानिसहरूको मुक्तिदाता हुनको निम्ति प्रभु येशू क्रूसमा दुःख सहनु र मर्नुपर्‍यो । पापी मानिसहरूको छुटकाराको दाम तिर्न प्रभु येशू यरूशलेमतिर जाँदै हुनुहुन्थ्यो । समयमै जक्कै र उसको घर-परिवारले मुक्ति पाए । यस अचम्मको घटना साँच्ची नै घटेको थियो । अनि यो घटना हामी सबैको निम्ति आशिष पाउने नमूना-स्वरूपमा लेखिएको छ; किनकि जसरी नक्कैले मुक्ति पायो, त्यसरी नै प्रभु येशूले हामी हरेकलाई मुक्ति दिन चाहनुहुन्छ । यसैको निम्ति प्रभु येशू यस संसारमा आउनुभएको हो ।

प्रभु येशू अर्थात् मानिसको पुत्र किन आउनु भएको थियो ? (पद १०) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## मुख्य प्रश्नहरू :

तल दिइएका प्रश्नहरूका उत्तर लेख्नुभन्दा अघि लूका १८:१८-३०, १८:३५-४३, १९:१-१० फेरि एकपल्ट ध्यान दिएर पढ्नुहोला । (ठी जवाफमुनि धर्का तान्नुहोस् वा चिन्ह लगाउनुहोस् ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

क) चाहे धनी होस्, चाहे गरिब, धर्मका नियमहरू पालन गरेर ...
अ) हामी पापबाट मुक्ति पाउन सक्छौं वा
आ) हामी पापबाट मुक्ति पाउन सक्दैनौं

ख) चाहे धनी होस्, चाहे गरिब, परमेश्वरको निगाह र शक्ति पाएर मात्र ...
अ) हामी पापबाट मुक्ति पाउन सक्छौं वा
आ) हामी पापबाट मुक्ति पाउन सक्दैनौं

ग) त्यस गरिब अन्धाले पापबाट मुक्ति पायो; किनभने ...
अ) त्यसले प्रभु येशूमाथि विश्वास गऱ्यो वा
आ) त्यसले परमेश्वरका सबै आज्ञाहरू पालन गऱ्यो

घ) धनी जक्कैले मुक्ति पायो; किनकि ...
अ) पापदेखि पछुताएर उसले सम्पूर्ण हृदयले प्रभु येशूमाथि विश्वास गऱ्यो वा
आ ऊ धर्मी मानिस थिए, जसले परमेश्वरका नियमविधिहरू पालन गर्थ्यो

ङ) प्रभु येशूले कुनै मानिसलाई बचाउनुभयो भने
अ) त्यो मानिस आफ्नो बाँकी जीवन पापमा बिताउँछ वा
आ) त्यसले पापलाई घृणा गर्छ; किनभने त्यसको जीवन बदली भएको छ

# पाठ ३-४

## पाठ ३ : शिमोन पत्रुस, जालाहारी (पहिलो भाग)

जब प्रभे येशू यृ संसारमा हुनुहुन्थ्यो, तब उहाँले आफ्ना विशेष साथीहरू हुनलाई बाह्रजना मानिसहरूलाई छान्नुभयो । तिनीहरू बिल्कुलै साधाराण मानिसहरू थिए । तिनीहरू नता धनी थिए न धेरै पढ़ेका थिए । तिनीहरूमा सद्‌गुणता थिए, तर यथार्थ कमजोरी पनि थिए । गा मानिसहरूमध्ये एकजना शिमो पत्रुस पनि थिए । तिनले विवाह गरेका थिए र गालिल तामा एउटा जालाहारीको काम गरेर कठिन जीवन व्यतित गर्थे । यही जालाहारए प्रभु येशूका एक मुख्य चेला भए । प्रभु येशूले तिनलाई आफ्ना एक प्रमुख सेवक तुल्याउनुभयो । उहाँले तिनलाई धेरै मानिसहरूको निम्ति आशिषको पात्र बनाउनुभयो । प्रभु येशूले शिमोन पत्रुसको निम्ति के गर्नुभयो, सो कुरा हामी यी आउने दुईटा पाठमा अध्ययन गर्नेछौं ।

## क - शिमोन पत्रुसले प्रभु येशूलाई भेट्टाउँछन्  यूहन्ना १ : ३५-४२

शिमोन कुन किसिमका मानिस थिए भनी प्रभु येशूले जान्नुहुन्थ्यो । तिनमा जोस भए तापनि तिनी कमजोरी र भर पर्न नसकिने मानिस थिए । शिमोनपछि कस्तो किसिमको मानिस हुनेछ भन्ने कुरा प्रभु येशूलाई पनि थाहा थियो । उहाँले तिनलाई एउटा नयाँ मानिस बनाउने कुरा सङ्केत गर्नको निम्ति तिनलाई एउटा नयाँ नाम दिनुभयो ।

१) परमेश्वरको राज्य अर्थात् प्रभु येशू ख्रीष्टको पहिलो आगमनको बाटो तयार गर्नको निम्ति बप्तिष्मा दिने यूहन्ना भविष्यवक्ताको रूपमा आएका थिए । यूहन्नाले आफ्नो चेलाहरूलाई ख्रीष्टको राज्यको विषयमा सिकाए । तिनका चेलाहरूमध्ये एकजनाचाहिँ शिमोन पत्रुसको दाजु अन्द्रियास थिए ।
क) प्रभु येशूलाई जाँदै गर्नुभएको देखेर भविष्यवक्ता यूहन्नाले आफ्ना चेलाहरूलाई के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू खीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) जब ती दुईजना चेलाहरूले यो कुरा सुने, तब तिनीहरूले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) प्रभु येशू कुनै महलमा बस्नुभएन, तर उहाँलाई निम्तो दिनेहरूको घरमा रहनुभयो । जब बप्तिष्मा दिने यूहन्नाका ती दुई चेलाहरूले उहाँलाई 'तपाईं कहाँ बस्नुहुन्छ ?' भनी सोधे, तब उहाँले 'आएर हेर !' भन्नुभयो । दिनभरि उहाँसित बस्दा तिनीहरूले यो सत्य कुरा जान्न पाए; परमेश्वरले प्रतिज्ञा गर्नुभएको खीष्ट अर्थात् मसीह येशू नै हुनुहुँदो रहेछ । ती दुईमध्ये अन्द्रियासचाहिँ एकजना थिए ।

क) प्रभु कहाँबाट हिँडेपछि अन्द्रियासले सबैभन्दा पहिले कसलाई भेट्टाए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) अन्द्रियासले शिमोनलाई के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) अरू मानिसहरूलाई प्रभु येशूकहाँ ल्याउनु नै सबभन्दा ठूलो काम र सेवा हो ।

अन्द्रियासले आफ्नो भाइलाई कसकहाँ ल्याए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) प्रभु येशूले शिमोनलाई एउटा नयाँ नयाँ राख्नुभयो । केफास अथवा पत्रुसको अर्थ पत्थर वा ठूलो ढुङ्गा हो । तिनको विश्वास र चरित्र दृढ बनाउने प्रतिज्ञा हामी यस नामको अर्थभित्र पाउँछौं । पछि प्रभु येशूले तिनलाई आफ्नो राज्य स्थापित गर्ने कामको निम्ति प्रयोग गर्नुभयो ।

क) प्रभु येशूले तिनीमाथि दृष्टि लगाएर के भन्नुभयो ? (पुस्तकमा पद हेरेर खाली ठाउँ भर्नुहोस् ।)
"तिमी ..............................हौ;...........................भनीनेछौ ।"

ख) केफास वा पत्रुसको अर्थ के हो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ख-शिमोन पत्रुस प्रभुको पछि लाग्छन्          लूका ५:१-११

प्रभु येशूलाई पहिलोपल्ट भेटेपछि शिमोन पत्रुसले केही समय येशूसित र केही समय माछा मार्ने काममा बिताए । प्रभु येशूले आफू महान् हुनुहुन्छ भन्ने कुरा कसरी पत्रुसलाई देखाउनुभयो, सो अब हामीले देख्नेछौं । उहाँको निम्ति सबै कुरा त्यागिदिन भनी येशूले पत्रुसलाई बोलाउनुभयो ।

१) कुन कारणले प्रभु येशूले शिमोनको डुङ्गा प्रयोग गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) शिमोन पत्रुसले उहाँको आज्ञा पालन गर्छन् कि गर्दैनन् भनी प्रभु येशूले तिनको जाँच गर्नुभयो । शिमोन पत्रुस अनुभवी जालाहारी थिए । माछा मार्ने काममा आफ्नै निर्णय गर्ने परीक्षा तिनमा आउनु सम्भव थियो ।

क) प्रभु येशूले शिमोनलाई के आज्ञा गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) त्यस बेला माछा पक्रने केही आशै थिएन भनी किन शिमोनले विचार गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तापनि के गर्नेछु भनी शिमोनले भने  ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

३) प्रभु येशूले सबैभन्दा असल कुरा गर्न जान्नुहुन्छ र उहाँको आज्ञा पालन गर्नमा सुरक्षित हुन्छ ।

क) शिमोन पत्रुसले आज्ञा पालन गरेको फल के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) जाल फाट्न लागेको देखेर तिनीहरूले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) ती दुबै डुङ्गाको अवस्था के भएको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) शिमोन पत्रुसले प्रभु येशूको सर्वश्रेष्ठता वा महान्ता देखे । माछाहरू र आफ्नो जीवनको चाल येशूको अधिनमा छन् भनी तिनले थाहा पाए । यस्ता महान् व्यक्तिको उपस्थितिमा तिनले आफ्नो अयोग्यता देखेर तिनी लाजले भुतुक्क भए । - पद ८-१०)

क) दुबै डुङ्गा माछाले भरिएको देखेर शिमोन पत्रुसले के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तिनले किन साह्र अचम्म माने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) त्यसपछि प्रभु येशू गइहाल्नुभएन, तर शिमोन पत्रुस उहाँको एक साँचो चेला हुनेछन् भनी प्रतिज्ञा गर्नुभयो । तिनले आज्ञा पालन गरेको कारण प्रभु येशूले तिनलाई, तिनकै हातद्वार एक थुप्रो माछा पक्रनको निम्ति प्रयोग गर्नुभयो । अब उसो आफ्नो राज्यमा अरू मानिसहरूलाई तप्ने काममा उहाँले तिनलाई प्रयोग गर्नुहुनेछ ।

शिमोन पत्रुसले नडराउनुपर्ने कारण के थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) यो अचम्मको काम एउटा कुराको प्रमाण थियो । प्रभु येशूले आफ्नो सेवकहरूको निम्ति आफ्नै इच्छाअनुसार सबै कुरा जुटाइदिनुहुन्छ । ती माछाले मानिसहरू र तिनको जहान केटाकेटीहरूको निम्ति खाँचो टार्न सक्नेथिए । अब ती मानिसहरूले यी सबै त्याग गरेर आफ्नो भविष्यको निम्ति उहाँमाथि भरोसा गरेर प्रभु येशूको पछि लाग्न तयार भएका थिए ।

क) तिनीहरूले आ-आफ्ना डुङ्गालाई के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनीहरूले के छोडे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तिनीहरू कसको पछि लागे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ग - शिमोन पत्रुस पानीमाथि हिँड्छन् मत्ती १४ :२२-३३

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

यहूदीहरू समुद्रदेखि डराउँथे; किनभने अचानक आइलाग्ने आँधी-बेहरीले समुद्रका छालहरू उर्लाउँथ्यो । यस्तो बेला समेद्रमा रहेको डुङ्गा पछारिएर र यताउता हुत्तिउर डुब्न सक्थ्यो; मति डुङ्गाहरू जालाहारीसित डुबे पनि । यो उर्लेको समुद्रचाहिँ हाम्रो जीवनमाथि आइपर्ने दुःख र समस्याहरूको चित्र हो । प्रभु येशू समुद्रको पनि प्रभु हुनुहुन्छ भन्ने कुरा हामी यस घटनाबाट सिक्छौं । दुष्टका सबै शक्तिहरूमाथि उहाँ विजयी हुनुभयो । जसरी प्रभु येशूले शिमोन पत्रुसलाई समुद्रमा हिँड्नुमा सहायता गर्नुभयो, त्यसरी नै उहाँले हामीलाई पनि हाम्रा सबै दुःख र सङ्कष्टमा सहायता गर्न सक्नुहुन्छ ।

१) प्रभु येशूले भर्खरै पाँच हजार मानिसहरूलाई अघाएसम्म खुवाउनुभएको थियो । सबै मानिसहरूलाई जोस आएको थियो, र तिनीहरूले उहाँलाई आफ्ना राजा बनाउन चाहे । तर प्रभु येशूले आफूलाई तिनीहरूको इच्छामा सुम्पनुभएन, तर तिनीहरूलाई विदा गर्नुभयो र एक्ले प्रार्थना गर्न एकान्त ठाउँमा जानुभयो । उहाँ सधैंभरि मानिसहरूको इच्छा होइन, तर परमेश्वर पिताको इच्छा पूरा गर्न चाहनुहुन्थ्यो । यसो गर्नको निम्ति उहाँले प्रार्थनाद्वारा बल र साहस पाउनुभयो । एक्लो हुँदा उहाँको ध्यान आफ्ना चेलाहरूमाथि पनि पर्‍यो । चेलाहरूले भविष्यमा कठिन परीक्षाको सामना गर्नुपर्नेछ भन्ने कुरा उहाँलाई थाहा थियो । यसैले उहाँले तिनीहरूको निम्ति प्रार्थना गर्नुभयो, साथै तिनीहरूलाई यसैको निम्ति तयार गर्नुभयो ।

क) उहाँले आफ्ना चेलाहरूलाई के गर्न भनी भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) उहाँले भीड़लाईचाहिँ के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) उहाँ आफैचाहिँ के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) गालिल समुद्र एउटा ताल हो, जो ६ माइल चौड़ा छ । साधाणत : चेलाहरू एक-दुइ घण्टाभित्रमा समुद्रलाई पार गर्न सक्थे । कहिलेकाहीं तालको वरिपरि भएका पहाडहरूबाट भयानक बतास चलेर झट्टै तालमाथि डरलाग्लो आँधी -बेहरी चल्थ्यो । हामीले पनि यसरी झट्टै कुनै दुःखको सामना गर्नुपर्छ ।

क) साँझ पर्दा प्रभु येशू कहाँ हुनुहुन्थ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) डुङ्गा कहाँ थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) डुङ्गा  के हुँदै थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) किन त्यसो भएको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) चेलाहरूले प्रभु येशूलाई देखेनन्, तर येशूले तिनीहरूलाई देख्नुभयो । हामी पनि आज प्रभु येशूलाई देख्न सक्दैनौं, तर उहाँले हामीलाई देख्नुहुन्छ । उहाँले हाम्रा सबै दुःखहरू जान्नुहुन्छ, र हाम्रो निम्ति फिक्री गर्नुहुन्छ । चौथो प्रहर मिरमिरे उज्यालो हुनुभन्दा अघिको समय हो । यसबाट चेलाहरू रातभरि नै खियाउँदै रहेका कुरा हामी थाहा गर्छौं ।

क) प्रभु येशू तिनीहरूकहाँ कहिले आयनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) उहाँ तिनीहरूकहाँ कसरी आउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

४) धेरै मानिसहरूको जीवनमा अदृश्य शक्तिको डर भइरहन्छ। बाइबलमा अन्धकारको अदृश्य शक्ति छ भन्ने कुरा स्पष्ट बताइएको छ, तर प्रभु येशूमाथि विश्वास गर्नेहरूले त्यस्तो शक्तिदेखि डराउदैनन्। आफ्नो उपस्थितिद्वारा उहाँले हामीलाई यस्तो डरबाट छुटकारा दिनुहुन्छ।

क) चेलाहरू किन डराए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

ख) प्रभु येशूले तिनीहरूलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

५) उनीहरूलाई भयभीत तुल्याउने छालहरूमाथि - माथि प्रभु येशूलाई हिँड्दै गर्नुभएको देखेर शिमोन पत्रुस उत्तेजित भए। तिनले पनि त्यसै गर्न चाहे। उहाँले पनि दुःख, अफसोस र परीक्षाको छालहरूको सामना गर्नुपर्छ। हामीलाई पनि ख्रीष्टले यस्ता कुराहरूमा उहाँकहाँ आएर विजय प्राप्त गर्नु निम्तो दिनुहुन्छ।

क) शिमोन पत्रुसले के गर्न चाहे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

ख) प्रभु येशूले तिनलाइ के जवाफ दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

ग) पत्रुसले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

६) शिमोन पत्रुसको अनुभवमा कहिलेकाहीं विश्वासको विजय भयो र कहिलेकाहीं शङ्काको विजय भयो। आफ्नो विश्वास साँचो वा बलियो छ कि छैन भन्ने कुरा जान्न अथवा तिनको विश्वास दृढ़ पार्नको निम्ति तिनलाई पहिले आफ्नो कमजोरीपना थाहा पाउनु आवश्वक थियो।

क) तिनी किन डराए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

ख) तिनी के हुन लागे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

७) अब शिमोन पत्रुसको लागि एउटै मात्र उपाय थियो। तिनी आफैले आफैलाई बचाउन सकेनन्। तिनको साथीहरूले पनि तिनलाई बचाउन सकेनन्। हामीलाइ पनि पापको भवसागरमा डुब्ने खतरा छ। पत्रुसले गरेअनुसार हामीले पनि प्रभु येशूलाई पुकारौं।

क) पत्रुसले के भनेर चिच्याए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

ख) प्रभु येशूले के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

८) छालहरूमाथि-माथि हिँड्नको निम्ति पत्रुसले प्रभु येशूलाई मात्र हेर्नुपर्ने थियो। शैतानको परीक्षाबाट निरापद रहन र दुष्टको शक्तिबाट जोगिनको निम्ति हामीले पनि प्रभु येशूमाथि विश्वास र भरोसा राख्नुपर्छ।
येशूले के भनेर पत्रुसलाई हप्काउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

९) प्रभु येशूले अनुमति दिनुभएको समयभन्दा एक मिनेट पनि बढी आँधी चलेन । ठीक त्यस्तै हाम्रो जीवनमाथि आइपर्ने समस्या र परीक्षाहरू सहन सकौं भनेर प्रभु येशूले ठीक समयमा हामीलाई उम्कने बाटो सदनुहुन्छ । उहाँ फेरि यस संसारमा आउनुभएपछि शैतानका सबै विघ्न बाधाहरूको आँधी सधैंको निम्ति रोकिनेछ ।

डुङ्गामा उहाँहरू पसेपछि के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१०) प्रभु येशूलायृ परमेश्वरको पुत्र हुनुहुन्छ भनी पत्रुस र अरू चेलाहरूले स्वीकार गरेको विषयमा तपाईंले आफ्नो शब्दमा लेख्नुहोस् । (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## घ - शिमोन पत्रुस आफ्नो विश्वास स्वीकार गर्छन्          मत्ती १६:१३-१७

प्रभु येशूको श्रद्धा गर्नु  एउटा कुरा हो, तर उहाँमाथि विश्वास गर्नु अर्को कुरा हो । उहाँमाथि विश्वास गर्नुको अर्थ यही हो : हामी उहाँलाई परमेश्वरको पुत्र र आफ्ना व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनी स्वीकार गर्छौं ।
१) मानिसको पुत्र को हो ? मानिसहरूले के भन्दछन् ? भन्ने प्रभुको प्रश्नमा चेलाहरूले कुन-कुन जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)
इ)
ई)

२) तर म को हुँ  ? तिमीहरूचाहिँ के भन्छौ ? प्रभुले आफ्ना चेलाहरूलाइृ सोध्दा तिनीहरूले उहाँलाई के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) यो पाठ अध्ययन गर्नुहुँदा तपाईंले प्रभु येशूलाई को हुनुहुन्छ भनी ठान्नुहुन्छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

मुख्य विचार
यस पाठमा हामीले के सिक्यौं भने हामीले परमेश्वरका पुत्र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ । हाम्रो जीवनमाथि आइलाग्ने सबै दु:खकष्टहरू र पापका परीक्षाहरूमाथि उहाँले हामीलाई विजयी दिनुहुन्छ ।
यूहन्ना १:१२ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाईंले यो पद जस्तो सक्नुहुन्छ, त्यस्तै तल खाली ठाउँमा टाइप गर्नुहोस् ।

# पाठ ४

## शिमोन पत्रुस, जालाहारी (दोस्रो भाग)

पाठ ३ मा हामीले यो कुरा देख्यौं कि प्रभु येशूमाथि शिमोन पत्रुसको साँचो विश्वास थियो । तिनले उहाँलाई परमेश्वरका पुत्र र मुक्तिदाताको रूपमा स्वीकार गरे । शिमोन पत्रुसले अझै धेरै कुरा सिक्नु खाँचो थियो । तिनी घमण्डी थिए । यसैले तिनले नम्रताको पाठ सिक्नुपरको थियो । तिनी धेरैजसो आफैमाथि मात्र भरोसा गर्थे । यसैले तिनले प्रार्थना र विनयको पाठ सिक्नुपरेको थियो । बेला-बेलामा तिनमा लोकप्रिय हुने इच्छा प्रबल हुन्थ्यो । यसैले धर्यपूर्वक पाठ सिक्न तिनलाई खाँचो थियो । प्रभु येशूले तिनलाई कसरी यी पाठहरू सिकाउनुभयो, सो कुरा हामी यस पाठमा अध्ययन गर्नेछौं ।

## क-शिमोन पत्रुसले प्रभु येशूको महिमा देख्छन्          मर्कूश ९:२-८

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

अब हामी शिमोन पत्रुसको जीवनमा घटेको एउटा याद गर्नु लायकको अनुभवको विचार गर्नेछौं । धेरै वर्षपछि शिमोन पत्रुसले आफ्ना पत्रहरूमा यसको विषयमा लेखेका थिए । तिनले यसो भन्दै गवाही दिए : 'उहाँको प्रताप हामीले आफ्नै आँखाले देखेका थियौं ।'

१) प्रभु येशू ख्रीष्टको जीवनमा केही विशेष घटनाहरू देख्ने तीनजना चेलाहरूमध्ये एकजना शिमोन पत्रुस पनि थिए ।

यस खास घटनामा प्रभु येशूले कस-कसलाई आफ्नो साथमा लानुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) अलग्गै हुनको निम्ति प्रभु येशूले तिनीहरूलाई कहाँ लैजानुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) प्रभु येशू परमेश्वरका पुत्र र पापरहित मानिस हुनुहुन्थ्यो; तापनि उहाँको अनुहारमा कुनै असाधरण कुरा देख्न सकिँदैनथियो । यस बेला उहाँले यी चेलाहरूको सामु आफ्नो महिमा प्रकट गर्नुभयो । उनीहरूले उहाँको महिमाको एक झलक देखे ।
उहाँका लुगा के जस्तै देखिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) ती महान् भविष्यवक्ता एलिया र मोशा त्यस डाँड़ामा तिनीहरूकहाँ देखा परे ।
ती मानिसहरूले के गरिरहेका थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) त्यसपछि प्रभु येशूलाई ती दुइ भभिष्यवक्ताहरूले मात्र होइनन्, तर पिता परमेश्वरले पनि उहाँलाई स्वीकार गर्नुभयो ।

क) शिमोन पत्रुसले के बनाउने सल्लाह दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) केले तिनीहरूलाई छाया पार्‍यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) बादलबाट कुन शब्द निस्केर आयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) तबत ी चेलाहरूले कसलाई मात्र देखे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ख -शिमोन पत्रुसले नम्रताको पाठ सिक्छन् यूहन्ना १३:१-१७

शिमोन पत्रुस घमण्डी थिए । तिनी अरूमाथि अधिकार जमाउन चाहन्थे । अरूले तिनको सेवा गरून् भनी तिनले इच्छा गर्थे । प्रभु येशूले तिनलाई यो कुरा देखाउनुभयो कि उहाँको राज्यको साँचो महान्ता नम्र हुनु र अरूलाई सेवा गर्नु हो ।
१) प्रभु येशूले आफ्नो महान्ता पूरा रीतिले जान्नुहुन्थ्यो; तापनि उहाँ सबभन्दा नम्र काम गर्न पनि तयार हुनुहुन्थ्यो ।

क) आफ्नो विषयमा प्रभु येशूले कुन-कुन कुरा जान्नुहुन्थ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)
इ)

ख) भोजनबाट उठेपछि आफ्ना चेलाहरूको सेवा गर्दै प्रभु येशूले कुन-कुन काम गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

आ)
इ)
ई)
उ)

२) शिमोन पत्रुस र अरू चेलाहरूले आफूलाई ठूलो सम्झे र यो नम्र सेवा गर्न चाहेनन् । वास्तवमा तिनीहरूले केही समयअघि आपसमा तिनीहरूमध्ये सबभन्दा ठूलो को हो भनी वादविवाद गरेका थिए । तब तिनीहरूका प्रभु आफैले तिनीहरूको सामु यो तुच्छ ठानिएको सेवा पूरा गर्नुभयो ।

क) प्रभु येशूले शिमोन पत्रुसका खुट्टा धुन खोज्नुहुँदा तिनले उहाँलाई के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले गरिरहेको काम पत्रुसले कहिले बुझ्नेछन् ? प्रभु येशूले के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) पत्रुसले प्रभु येशूलाई आफ्ना खुट्टा धुने अनुमति नदिँदै प्रभुले तिनलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) खुट्टा धुनुको अर्थ के हो भने प्रभुले हामीलाई दैनिक जीवनको पापको मैलाबाट शुद्ध गर्नुहुन्छ । प्रभु येशूका दुइ चेला शिमोन पत्रुस र यहूदा इस्करयोतीको बीचमा ठूलो भिन्नता थियो । शिमान पत्रुसले प्रभु येशूलाई साँचो मनले विश्वास गरेका हुनाले तिनको मन शुद्ध भयो भने यहूदा इस्करयोती बाहिरी रूपले प्रभुको एक चेला भए तापनि त्यसले पापदेखि आफ्नो मन कहिल्यै फर्काएको थिएन । यसैले त्यसको मन शुद्ध भएको थिएन ।

'तिमीहरू शुद्ध छौ, तर सबैता होइन' भन्ने वचन प्रभु येशूले किन भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) क) चेलाहश्रले कसको उदाहरण लिनुपर्थ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले आफ्ना चेलाहरूका खुट्टा धोएर तिनहरूलाई देखाउनुभएको उदाहरणबाट हामीले के कुरा सिक्न सक्छौं ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ग - शिमोन पत्रुसको असफलता लूका २२ : ३१-३४, ३९-४६, ५४-६३

शिमोन पत्रुस आफैमाथि भरोसा गर्ने मानिस थिए । म प्रभुप्रति विश्वास र भक्ति गर्नुमा दृढ़ र अटल रहनेछु भन्ने तिनको बिचार थियो । तिनलाई शैतानको शक्ति र छलको बारेमा केही थाहा थिएन । तिनले आफ्नो कमजोरीपना पनि ठीक किसिमले बुझेको थिएन । परमेश्वरले दिनुहुने शक्ति र बलबिना हामीले परीक्षामा हार खानु पर्ने रहेछ भन्ने कुरा जान्न तिनलाई खाँचो थियो ।

१) परमेश्वर मानिसहरूको ठूलो शत्रुचाहिँ शैतान हो । प्रभु येशूका मुख्य चेलाहरूमा शिमोन पत्रुस त्यसको शिकार बने ।
क) शैतानले शिमोन पत्रुसलाई के गर्न खोज्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले पत्रुसको निम्ति के गर्नुभएको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ग) पश्चात्ताप गरी प्रभुतिर फर्केपछि तिनले के गर्नुपर्नेथियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) आफ्ना प्रभुको भक्ति गर्ने शिमोन पत्रुसको पक्का निर्णय थियो । तिनलाई प्रभुको वचन अति अचम्म लागिरहेको थियो । हामीले आफैलाई चिन्नुभन्दा हाम्रा प्रभुले हामीलाई राम्ररी चिनीसक्नुभयो ।

क) शिमो पत्रुसले के गर्न तयार थिए ? यसको बारेमा तिनले येशूलाई के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) पत्रुसको बारेमा प्रभु येशूले कस्तो भविष्यवाणी गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) परीक्षामा पर्दा विजयी बन्नको निम्ति हामीले परमेश्वरको शक्ति पाउनुपर्छ । जब हामी प्रार्थना गरेर आफूलाई परमेश्वरको हातमा सुम्पन्छौं, तब हामी उहाँबाट शक्ति र सुरक्षा पाउँछौं । यही कुरामा शिमोन पत्रुस असफल भए । -पद ३९-४६)

क) प्रभु येशूले आफ्ना चेलाहरूलाई के गर्नु भनी आज्ञा गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले चाहिँ के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) प्रभु येशूले प्रार्थना गर्दा के विन्ती चढ़ाउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) प्रभु येशूले आफ्ना चेलाहरूलाई कुन अवस्थामा भेट्टाउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ङ) त्यसबेला प्रभु येशूले तिनीहरूलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) भीड़ आएर प्रभु येशूलाई पक्रेर लगे । प्रभुका चेलाहरूका निम्ति यो एउटा ठूलो परीक्षा थियो । तिनीहरू सबै एकसाथ रहनु नै तिनीहरूको निरापद थियो । तर पत्रुसचाहिँ येशूको चेला हुँ भनी खुल्लमखुल्ला स्वीकार गर्नदेखि डराए । -पद ५४-६२)

क) प्रभु पक्राउ पर्नुभएपछि शिमोन पत्रुसले के गर ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनी कहाँ बसे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) के-के भनेर शिमोन पत्रुसले म प्रभु येशूको चेला होइन भनी अस्वीकार गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

इ)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

५) परीक्षाको घड़ीमा शिमोन पत्रुस असफल भए । आफैलाई हेर्दा तिनले सबै आशा हराइसकेका थिए । तर तिनले प्रभुको वचन सम्झेर रोइ-रोइकन पश्चात्ताप गरे; किनभने तिनी प्रभु येशूमाथि विश्वास गर्ने र उहाँलाई प्रेम गर्ने चेला थिए । तिनले गरेजस्तै हामी कुनै भुल गर्दा साँचा गरी पछुताउँछौं भने हाम्रो निम्ति पनि आशा छ ।

क) पत्रुस बोल्दै गर्दा के सुनियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) त्यस बेला प्रभु येशूले के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तब पत्रुसले कुन कुरा सम्झे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) पत्रुसले कसरी आफ्ना अफसोस प्रकट गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## घ - शिमोन पत्रुसले दुःख भोग्नुभएको ख्रीष्टलाई हेर्छन्  १ पत्रुस २:२१-२४

पत्रुसले लेखेका पत्रहरुमध्ये एउटाबाट हामी यहाँ केही खण्ड हेरौं । यस पत्रले हामीलाई कुरा बुझ्नको निम्ति सहायता दिन्छ । प्रभु येशूले दुःख भोग्नुहुँदा शिमोन पत्रुस त्यहाँ थिए र तिनले सबै देखे । यस कुराले तिनलाई कुन प्रकारले असर गर्‍यो, सो हामी तिनकै पत्रबाट थाहा गर्छौं ।

१) परीक्षाको समयमा शिमोन पत्रुस असफल भएका थिए । प्रभु येशू तिनको भन्दा ठूलो परीक्षामा पर्नुपरेको थियो, तर विजयी हुनुभयो । (पुस्तकमा पद हेरेर खाली ठाउँ भर्नुहोस् ।)
“जसले......................गर्नुभयो,”

२) झूटा साक्षीहरुले प्रभु येशूको विरोधमा गवाही दिए, तर उहाँको मुखबाट कुन कुरा निस्केन ?
“न उहाँको ................... पाइयो;”

३) मानिसहरुले प्रभु येशूलाई गाली गरे, तर उहाँले के गर्नुभएन ?
“जसले गाली खाएर ...................गर्नुभएन ।”

४) प्रभु येशूले दुःख भोग्नुभयो, तर उहाँले के गर्नुभएन ?
“दुःख भोगेर ..................;”

५) प्रभु येशूले आफैलाई कसको हातमा सुम्पनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) हामीले प्रभु येशूमाथि विश्वास गरेर पापहरुको क्षमा पाएपछि हामीले केको निम्ति जिउनुपर्छ ? प्रभु येशूले के चाहनुहुन्छ ? (पद २४) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ङ - शिमोन पत्रुसले प्रभु येशूप्रति आफ्नो प्रेम स्वीकार गर्छन्  यूहन्ना २१:१५-१९

जब मरेको तेस्रो दिन प्रभु येशू मरेकाहरुबाट बिउँतनुभयो, तब उहाँलाई फेरि जिउँदो हुनुभएको देख्ने पहिला चेलाहरुमध्ये शिमोन पत्रुस पनि थिए । त्यसपछि प्रभु येशू गालिलको तालको किनारमा केही चेलाहरुकहाँ देखा पर्नुभयो । यस घटनाको बारेमा यूहन्नाले लेखेको सुसमाचारको पुस्तकमा अध्याय २१ को पहिलो खण्डमा पढ्न पाइन्छ । शिमोन पत्रुस र तिनका साथीहरुले माछा मार्दा बौरीउठ्नुभएको जिउँदो प्रभु येशू तिनीहरुकहाँ देखा पर्नुभयो । त्यस बेला शिमोन पत्रुसलाई, तिनले पहिले कसरी माछा मार्ने काम छोड़ेर प्रभुको पछि लागेका थिए भन्ने सम्झना आयो होला । प्रभु येशूले तिनलाइ दोस्रो मौका दिन चाहनुभएको थियो । यसैले उहाँले तिनीसित बोल्नुभयो । प्रभु येशूले तिनलाई प्रेम गर्नुहुन्थ्यो । अनि पत्रुसचाहिँ, के तिनले प्रभु येशूलाई प्रेम गरे ? तिनले प्रभुलाई तीनचोटि इन्कार गरेका थिए । यहाँ हामीले तिनलाई प्रभुप्रति आफ्नो

# प्रभु येशू खीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

प्रेम तीनपल्ट स्वीकार गरेको र प्रभु येशूले तिनलाई प्रेमसाथ आफ्नो पछि लाग्न र आफ्ना विशवासी जनहरुको देखरेख गर्न बोलाउनुभएको पाउँदछौं ।

१) शिमोन पत्रुसले यस कुरामा घमण्ड गरेको थिए कि अरुले प्रभुलाई त्यागेपनि तिनले त्याग्नेछैनन् । अनि तिनीहरुले खाइसकेपछि प्रभु येशूले शिमोन पत्रुसलाई भन्नुभयो :‘हे योआनेसको छोरा शिमोन, के तिमी मलाई यिनीहरुले भन्दा बढ्ता प्रेम गर्दछौ ?’ (पद १५) यिनीहरुले भन्दा बढ्ता भनेको अरु चेलाहरुले भन्दा बढ्ता बुझिन्छ ।

क) खाइसकेपछि प्रभु येशूले शिमोन पत्रुसलाई के प्रश्न गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) शिमोन पत्रुसले प्रभुलाई के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) प्रभु येशूले तिनलाई कुन काम सुम्पनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) प्रभु येशूप्रतिको हाम्रो सम्बन्धभन्दा अरु कुनै मुख्य कुरा छैन । उहाँलाई प्रेम नगरेसम्म हामी न उहाँको पछि लाग्न सक्छौं नता उहाँको सेवा गर्न सक्छौं ।

क) दोस्रोपल्ट प्रभु येशूले पत्रुसलाई के प्रश्न गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) शिमोन पत्रुसले उहाँलाई के जवाफ दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) प्रभु येशूले तिनलाई कुन काम सुम्पनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) परमेश्वरको राज्य एउटा गोठालासित तुलना गर्न सकिन्छ, जसले आफ्ना भेड़ा चराउँछन् । मुख्य गोठालाको अधिनमा अरु गोठालाहरु हुन्छन् । ती गोठालाहरु प्रभुको अधिनमा काम गर्दछन् । भेड़ाहरु ती नै हुन्, जसले केही समयदेखि प्रभु येशूलाई पछ्याएका छन् । पाठाहरु ती नै हुन्, जसले भर्खरै प्रभु येशूमाथि विश्वास गरेका छन् ।

क) तेस्रोपल्ट प्रभु येशूले पत्रुसलाई के प्रश्न गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) पत्रुस किन दुःखित भए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) शिमोन पत्रुसले प्रभुलाइ के जवाफ दिए ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) प्रभु येशूले तिनलाई कुन काम सुम्पनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) जवान हुँदा शिमोन पत्रुस घमण्डी र हठी थिए । तर प्रभु येशूले तिनलाई नम्र र आज्ञाकारी बनाउनुभयो । डरले गर्दा आफ्ना प्रभुलाई इन्कार गर्ने मानिस स्वामीभक्त भएर विश्वासीहरुको गोठाला र सेवक बने । अन्तमा येशूप्रतिको भक्तिले गर्दा तिनले ठूलो कष्ट सहेर प्रभुको निम्ति मर्नुपर्‍यो ।

क) जब शिमोन पत्रुस जवान थिए, तब तिनले के गर्थे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) बूढो भएपछि तिनले के गर्नेछन् ? यसको बारेमा प्रभु येशूले के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ग) यसो भनेर प्रभु येशूले कुन कुरा सङ्केत गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) त्यसपछि प्रभु येशूले तिनलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## मुख्य विचार

शिमोन पत्रुस प्रभु येशूका चेला थिए । त्यसो भए तापनि परीक्षामा पर्ने बेलामा तिनले येशूलाई इन्कार गरे । यसको अर्थ यो होइन कि तिनी प्रभुका चेला थिएनन् । पत्रुसले आफ्ना पापको निम्ति पछुताए । तिनले आफ्नो पाप मानिलिए र प्रभुबाट पापको क्षमा पाइ फेरि शुद्ध भए । प्रभु येशूलाई विश्वासद्वारा मनमा ग्रहण गरेपछि पनि कमजोरी भइ हामीले कुनै समयमा पाप गर्न वा हाम्रा प्भुलाई इन्कार गर्न सक्छौं । तर यदि पत्रुसलेजस्तै हामीले पश्चात्ताप गर्‍यौं भने प्रभु येशूले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ र हामीलाई सब पापबाट शुद्ध पार्नुहुन्छ । १ यूहन्ना १:९ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाईंले यो पद जस्तो सक्नुहुन्छ, त्यस्तै तल खाली ठाउँमा टाइप गर्नुहोस् ।